आज मिति २०८० असोज २९ गतेका दिन कार्यपालिका बैठक हलमा गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल बमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :– श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :– श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :– श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :– श्री चेत बहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :– श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :– श्री बल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :– श्री घनश्याम धले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :– श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :– श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :– श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :– श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :– श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :– श्री पूर्ण धले

कार्यपालिका सदस्य :– श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :– श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :– श्री मधु माया बगाले

कार्यपालिका सदस्य :– श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :– . श्री गौतम पंज्ञानी

अन्य उपस्थिति :

लेखा शाखा प्रमुख :– श्री कृष्णराज गेहाई

मर्स्याङ्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**मिति २०८० असोज २९ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु:**

**निर्णय नं १: अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।**

मिति २०८०/०५/२९गतेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरू कार्यान्वयनको अवस्था बारे यस बैठकमा समिक्षा गरियो ।

**निर्णय नं.२ : सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्ने सम्वन्धमा :**

मर्स्याङदी गाँउपालिकाको गाउँसभाको मिति २०८०/०३/०५ को नीति तथा कार्यक्रममा व्यवस्था भए वमोजिम मर्स्याङ्दी गाउँपालिका वडा नं.६ नाईचेमा रहेको सामुदायिक भवनमा श्री नाईचे सामुदायिक स्वास्थ्य एकाई स्थापना गरी मिति २०८०/०७/०१ देखि सञ्चालनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं.३ : करार कर्मचारीहरुको म्याद थप गर्ने सम्बन्धमा ।**

यस गाउँपलिकामा कार्यरत तपशिल वमोजिमका करार कर्मचारीहरुको म्याद २०८०/०७/०१ देखि२०८० /०९/२९ सम्म थप गरी आगामी पुसमा हुने गाउँसभावाट अनुमोदन गराउने निर्णय गरियो । साथै ट्रयाक्टर चालक गंगा वहादुर वि.क.को हकमा २०८० कार्तिक ३० गते सम्म मात्रै थप गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | नामथर | पद | कार्यालय | ठेगाना | कैफियत | |
|---|---|---|---|---|---|---|
| मर्स्याङ्दी गाउँपालिका | | | | | | |
| १ | गंगा वहादुर वि.क. | टयाक्टर चालक | मर्स्याङदी गा.पा. | मर्स्याङ्दी गा.पा. २, लमजुङ | २०८० कार्तिक ३० गते सम्म मात्रै थप | |
| कृषि विकास शाखा तर्फ | | | | | | |
| २ | रुकमीणी खत्री | कृषि अधकृत छैठौ | कृषि शाखा | मर्स्याङ्दी गा.पा.-६, लमजुङ | | |
| पशु सेवा शाखा तर्फ | | | | | | |
| ३ | गोविन्द घिमिरे | सहायक चौथो | मर्स्याङ्दी गाउँपालिका | मर्स्याङ्दी गा.पा.-६, लमजुङ | | |
| स्वास्थ्य सेवा तर्फ | | | | | | |
| ४ | समुन्द्र विमली | हे.अ. (पाँचौ.) | खुदी स्वा.चौ | भानु न,पा-, तनहुँ | | |
| ५ | खुशिमाया गुरुङ | अ.न.मी (चौथो) | सिउरुङ सा.स्वा.ई | मर्स्याङदी ४, लमजुङ | | |
| ६ | रविन घिमिरे | अ.हे.व. (चौथो) | वाहुनडाँडा स्वा.चौ. | मर्स्याङदी ६, लमजुङ | | |
| ७ | तासमाया सुनार | अ.हे.व. (चौथो) | लामागाउँ सा.स्वा.ई | मर्स्याङदी ९, लमजुङ | | |



अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं.४ : शैया अस्पतालको म्याद थप सम्बन्धमा।**

यस मर्स्याङदी गाउँपालिकाको कार्यालयको वडा नं ७ मा अवस्थित १० शैया अस्पताल निर्माण कार्यको ठेक्का नं.07/MRM/H-Building/2077-78 को यस मर्स्याङदी गाउँपालिका र Shrinkhala Nirman Sewa Pvt. Ltd, Bidur-04, Nuwakot बिच मिति २०८०।०१।१५ भित्र सम्पन्न गर्ने गरि मिति २०७८।०१।१४ गतेमा सम्झौता भएको निज Shrinkhala Nirman Sewa Pvt. Ltd, Bidur-04, Nuwakot बाट रात दिन काम गर्दा आफ्नो काबु भन्दा बाहिरको विषय लगायत, कारणहरुले तोकिएको म्याद भित्र काम सम्पन्न गर्ने सत प्रतिशत प्रयास गर्दा पनि समयमा आयोजनाको काम सम्पन्न गर्न असमर्थ रहेको र सोही बमोजिमको Work Plan Schedule र कामको प्रतिवद्धता समेत पेश गरेकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ को उपदफा (२) साथै मर्स्याङदी गाँउपालिकाको सार्वजनिक खरिद नियमावली को नियम १२९ उपनियम ३ को उपनियम (२) बमोजिम जाँचबुझ गर्दा निवेदनमा म्याद थप गर्नको लागि खुलाइएको कारण खरिद सम्झौता बमोजिम मनासिब देखिएकोमा उक्त निर्माण कार्यको मितिः २०८०/०७/१६ गते (६ महिना) अवधि सम्मको म्याद थप गरिएकोमा पुनः उक्त कम्पनीले मिति २०८०-०६-२४ गतेको पत्रानुसार निर्माण स्थल सम्म जाने मोटरबाटो ठाउँठाउँमा पहिरो जानुका साथै वर्षाका कारण पेन्टिङको काममा असहज भएको साथै नेपालीहरुको महान चाड दशैं, तिहार र छठ जस्ता पर्वहरुका कारण कामदारहरुको अभाव भएको भनी ६ महिना म्यादथपको लागि निवेदन पेश गरेकोले उक्त निवेदन जाँचबुझ गर्दा निवेदनमा म्याद थप गर्नको लागि खुलाइएको कारण खरिद सम्झौता सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ को उपदफा (२), सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० र साथै मर्स्याङदी गाँउपालिकाको सार्वजनिक खरिद नियमावली को नियम १२९ उपनियम ३ को उपनियम (२) बमोजिम मनासिव देखिएकोमा उक्त निर्माण कार्यको मितिः२०८०-१२-१६ गते सम्म अन्तिम पटकको लागी म्याद थप गर्ने गाउँकार्यपालिकाको वैठकमा सर्वसम्मतिवाट निर्णय गरियो।

**निर्णय नं. ५ : वजेट रकम श्रोतान्तर सम्वन्धमा :**

चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक वजेट कार्यक्रम अर्न्तगत संघीय राजस्व वाडफाँड श्रोतमा सडक सरसफाई तथा हेरालु कार्यक्रममा वजेट विनियोजन भएकोमा मर्स्याङदी गा.पा अर्न्तगतका वडा नं.२,३,४,५,६,७ र ८ मा सडक हेरालु एवम् सरसफाईकर्ता राखिएको र संघीय राजश्व बाँडफाँड स्रोतमा निकासा रकम भएको रकम वचत नभएकोले उक्त शिर्षकवाट खर्च लेख्न नसकिएको हुदाँ सडक हेरालु तथा सरसफाईकर्ता जस्ता आफ्नो परिश्राम वेचेर जिविकोपार्जन गर्ने वर्गका मानिसहरुलाई नेपालीहरुको महान चाड दशैमा समेत पारिश्रामिक उपलब्ध गराउन नसक्ने अवस्था श्रृजना भएकोले त्यसलाई मध्यनजर गरी मर्स्याङ्दी गाउँपालिकाको आ.व. २०८०/८१को स्वीकृत वार्षिक वजेट कार्यक्रम अर्न्तगत खानेपानी तथा सिंचाई पाईप खरिदमा विनियोजन भएको १० (दश) लाख रुपैयाँ मध्येवाट खर्च गरी हाललाई हेरालु तथा सरसफाई कार्यमा खटिईएका व्यक्तिहरुलाई तलव/पारिश्रामिक उपलब्ध गराउने र पछि संघीय राजश्व बाँडफाँड वापतको रकम प्राप्त भएपछि जुन शिर्षकवाट वजेट श्रोतान्तर गरिएको हो सोही शिर्षकमा यथाशिध्र शोधभर्ना गर्ने गरी वजेट रकम श्रोतान्तर गर्नको लागि यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसहमतिले निर्णय गरियो ।

अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं. ६ : एम्बुलेन्स सञ्चालनार्थ अनुदान उपलब्ध गराउने सम्वन्धमा :**

मर्स्याङ्दी गाउँपालिकाको सहयोगमा खुदी स्वास्थ्य चौकीद्धारा सञ्चालित एम्वुलेन्सले सुत्केरी महिला र ७० वर्ष पुरा भएका जेष्ठ नागरिकहरुलाई स्वास्थ्य चौकी /अस्पताल सम्म निशुल्क रुपमा लैजाने ल्यांउने गरिरहेको र हाल आएर एम्वुलेन्सले नयाँ हुदाँ जस्तो डाईभरको तलव, एम्वुलेन्स मर्मत तथा इन्धनमा हुने खर्च उठाउन नसकी एम्वुलेन्स सञ्चालनमै आउन नसक्ने भएकोले गाउँपालिकाको क्षेत्र भित्र रहेको एक मात्र एम्वुलेन्सले पालिका भित्रका मानिसहरुलाई आपत विपतमा समेत उद्धार गदै आएको सन्दर्भमा उद्धारको कार्यलाई निरन्तरता दिन स्वास्थ्य संस्थावाट निवेदन माग भएनुसार खुदी स्वास्थ्य चौकीले नियमानुसार खर्च गर्ने गरी हाललाई मर्स्याङ्दी गाउँपालिकाको २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विपद व्यवस्थापन कोषमा विनियोजित वजेट मध्येवाट रु. २,००,०००।- ( अक्षररुपी दुई लाख मात्र) खुदी स्वास्थ्य चौकीको खातामा सोभै जम्मा हुने गरी अनुदान उपलब्ध गराउन यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं. ७ :आर्थिक सहयोग सम्वन्धमा :**

मर्स्याङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रम खर्च (२२५२९)अन्तर्गतको सि.न.१ मा उल्लोखित विभिन्न धार्मिक, सांस्कृतिक,साहित्यिक, महोत्सव, दिवस सम्वन्धी विनियोजित वजेट खर्च शिर्षकवाट निम्नानुसार आर्थिक सहयोग गर्ने गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसहमतिले निर्णय गरियो ।

तपशिल

- खुदी प्रहरी चौकी, मर्स्याङ्दी -३, रु.२०,०००।-(विजया दशमी पुजा)
- वाहुनडाँडा प्रहरी चौकी, मर्स्याङ्दी -६, रु.१०,०००।- (विजया दशमी पुजा)
- जगत प्रहरी चौकी, मर्स्याङ्दी -४, रु.१०,०००।- (विजया दशमी पुजा)
- दिव्य ज्योति युवक्लव, मर्स्याङ्दी -९, रु.२०,०००।-
- श्री जन कल्याण युवा क्लव, मर्स्याङ्दी -६, रु.२५,०००।-
- कन्यादेवी युवा क्लव, मर्स्याङ्दी -४, रु.२५,०००।-

अर्जुन गुरुङ
अध्यक्ष



CamScanner